मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३२ ◆ अङ्क : ९७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन १० गते आइतबार (Sunday, 22 February. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## श्रोत नखुलेको साढे ११ लाख रकम बोक्दा...

**काठमाडौँ, फागुन ९।** श्रोत नखुलेको ११ लाख ५१ हजार ३ सय बराबरको हुण्डी रकमसहित एक जना पक्राउ परेका छन् ।

शुक्रबार जिल्ला प्रहरी कार्यालय महोत्तरी तथा मातहत समेतबाट खटिएका प्रहरी टोलीले महोत्तरीको सम्सी गाउँपालिका वडा नम्बर ७ बस्ने ३४ वर्षीय गौतम साहलाई पक्राउ गरेको हो । उनलाई महोत्तरी जिल्ला अदालतबाट हुण्डी कारोबार मुद्दा शीर्षकमा सात दिनको म्याद थप भइ अनुसन्धान कार्य भइरहेको प्रहरी नायव

*(बाँकी अन्तिम पृष्ठमा)*

## उम्मेदवारलाई स्थानीयले लखेटे




**झापा, फागुन ९।** फागुन २१मा हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन आउन अब ११ दिन बाँकी छ । निर्वाचनको मिति नजिकिँदै जाँदा देशभर चुनावी सरगर्मी बढिरहेको बेला झापा निर्वाचन क्षेत्र नम्बर २को बिर्तामोड-अर्जुनधारा बसपार्क क्षेत्र भने अझै राजनीतिक गतिविधिबाट पूर्ण रूपमा बन्द छ । निषेधित क्षेत्र घोषणा गरिएको '५१ बिगाह' क्षेत्रमा प्रवेश गरेर मत माग्न पुगेका विभिन्न दलका उम्मेदवार तथा कार्यकर्तालाई शनिवार स्थानीयवासीले लखेटेका छन् ।

बसपार्क समन्वय समितिले करिब एक महिनाअघि नै बसपार्क क्षेत्रलाई 'निर्वाचन गतिविधि निषेधित क्षेत्र' घोषणा गर्दै कुनै पनि राजनीतिक दललाई प्रवेश नदिने चेतावनी दिएको थियो । तर, शनिबार तीन राजनीतिक दलका टोली निषेधित क्षेत्रमा प्रवेश गरेपछि स्थानीयले कडा प्रतिवाद गर्दै उनीहरूलाई फिर्ता पठाएका हुन् ।

बसपार्क समन्वय समितिका संयोजक सुजन शिवाकोटीका अनुसार स्थानीयको सहमति विपरीत राजनीतिक गतिविधि गर्न खोजिएपछि प्रतिरोध गरिएको हो । 'एक महिनाअघि नै बसपार्क क्षेत्र प्रवेश निषेध गरिएको हो । यहाँ कुनै राजनीतिक दलले चुनावी कार्यक्रम गर्न पाउँदैन । फरक-फरक समयमा दिइएको चेतावनी विपरीत तीन दलले प्रवेशको चेष्टा गरेपछि ठाडो प्रतिवाद गर्नुपऱ्यो'- उनले भने । अबपछि पनि कुनै दल निषेधित क्षेत्रमा प्रवेश गरेर मत माग्ने चेष्टा गरे कडा कदम चाल्न बाध्य हुन्छौं ।

समितिका सचिव हरि भण्डारीले आग्रह नमानेपछि उम्मेदवार र कार्यकर्तालाई लखेट्नुपरेको बताएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीको प्रचार टोली आएको थियो । शुरुमा आग्रह गरियो नमानेपछि हामीले खेदाएका हौं । भण्डारीले स्थानीयलाई बेवास्ता गरिए आगामी दिनमा अझ कडा आन्दोलन गर्ने चेतावनी दिए । 'हामीलाई हेप्ने काम भयो भने झापा-२का प्रत्येक बुथमा पुगेर अवरोध गर्छौं । त्यसको जिम्मेवारी राजनीतिक दलहरूले नै लिनुपर्छ'- उनले भने ।

फागुन २१ गते हुने निर्वाचनका लागि अहिले दल तथा उम्मेदवार दोस्रो चरणको घरदैलो अभियानमा व्यस्त छन् । गाउँ-टोलदेखि सामाजिक सञ्जालसम्म चुनावी चर्चा तातेको छ । तर, चर्चित '५१ बिगाह' क्षेत्रमा भने अझै चुनावी सन्नाटा कायम छ । ६ सयभन्दा बढी घरपरिवार रहेको बसपार्क क्षेत्रमा हालसम्म कुनै उम्मेदवारले खुला रूपमा प्रवेश पाउन सकेका छैनन् । पर्चा, पम्प्लेट, झण्डा, ब्यानर वा प्रचार सामग्री राख्न समेत स्थानीयले रोक लगाएपछि यो क्षेत्र सुनसान जस्तै छ ।

यो क्षेत्रका चारै कुनामा 'निर्वाचन गतिविधि निषेधित क्षेत्र' लेखिएका ठूला ब्यानर राखिएका छन् । झापा २मा निवर्तमान सभामुख, उपसभामुख, पूर्वमन्त्रीसहितका चर्चित अनुहार प्रतिष्पर्धामा छन् । तर, वसपार्कवासीको माग सम्बोधन नहुँदा विभिन्न दलका उम्मेद्वार लज्जित हुँदै वसपार्क जान त के बासपार्क क्षेत्रको नामसम्म उच्चारण गर्न नसक्ने अवस्थामा छन् ।

निर्वाचनको मिति नजिकिएसंगै चुनावी सरगर्मी बढेका बेला सुनसान हुँदा सम्वन्धित निकायले खोज खबर नगरेको बताइएको छ । बसपार्क समन्वय समितिका

*(बाँकी अन्तिम पृष्ठमा)*

### राष्ट्रिय राजनीतिको चर्चामा झापा २

# हेभिवेट उम्मेदवारको यस्तो छ राजनीतिक पृष्ठभूमि

■ सुरेन्द्र भण्डारी

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशका १६५ निर्वाचन क्षेत्रमा दल तथा स्वतन्त्र उम्मेदारहरु चुनावी प्रतिषर्धामा छन् । निर्वाचन आउन केही दिन मात्र बाँकी रहँदा झापाको निर्वाचन क्षेत्र नम्वर ५, सर्लाहीको निर्वाचन क्षेत्र नम्वर ४ लगायतका निर्वाचन क्षेत्रलाई मुख्य चर्चाको रुपमा लिइने गरिएको छ । तर, यस्तै राष्ट्रिय चर्चा र चासोको निर्वाचन क्षेत्रको रुपमा झापा २लाई समेत लिने गरिएको छ ।

यस निर्वाचन क्षेत्रमा अघिल्लोपटक संसदमा सभामुख र उपसभामुखको भूमिका निर्वाह गरिसकेका एमालेका देवराज घिमिरे र रास्वपाकी इन्दिरा रानामगर मात्र होइन राष्ट्रियसभाको भूमिका निर्वाह गरिसकेकी कांग्रेस नेतृ सरिता प्रसाई समेत यसै निर्वाचन क्षेत्रबाट उम्मेदवारी दिएर घर दैलो अभियानमा रहेका छन् । २०६४ सालमा भएको निर्वाचनमा संघीय संसदको रुपमा नेतृत्व गरेर स्वास्थ्य राज्यमन्त्री समेत भएकी नेपाली कम्युनिष्ट पार्टीकी नेतृ धर्मशीला चापागाँई पनि यसै निर्वाचन क्षेत्रबाट उम्मेदवार बनेकी छिन् । त्यस्तै अघिल्लो निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिएर कडा टक्कर दिएका भद्रप्रसाद नेपाल 'स्वागत'पनि यसपटक राप्रपाका तर्फबाट चुनावी मैदानमा उत्रिएका छन् । यस निर्वाचन क्षेत्रबाट १८ जना उम्मेद्वारहरु चुनावी प्रतिषर्धामा रहेका छन् । हरेक पटक मत परिवर्तन गर्दै आएको यस क्षेत्रले यस पटक के गर्ला भन्ने चासो सर्वत्र छाएको छ । राष्ट्रिय राजनीतिमा समेत प्रभाव पार्न सक्ने नेताहरु चुनावी मैदानमा उत्रिएपछि झापा २ को चुनावी प्रतिषर्धा निक्कै रोचक हुने अनुमान गरिएको छ । झापा-२ मा पूर्व सभामुख र उपसभामुख नै आमनेसामने हुनु, पूर्वमन्त्रीहरु तथा राष्ट्रियस्तरका नेताहरू प्रतिस्पर्धामा रहनु र बहुदलीय शक्ति सन्तुलन देखिनु यस क्षेत्रको विशेषता बनेको छ । यो निर्वाचन क्षेत्रमा हेभिवेट उम्मेदवार प्रतिष्पर्धामा रहेकाले राष्ट्रिय राजनीतिमा चर्चा हुने गरेको छ ।

## साखको परीक्षाः निर्णायक दौडमा घिमिरे



लामो राजनीतिक यात्रापछि प्रत्यक्ष जनमतबाट स्थापित भएका नेता देवराज घिमिरे अहिले आफ्नो राजनीतिक हैसियत जोगाउने चुनौति सामु उभिएका छन् । एक समय संगठनका पर्दा पछाडिका रणनीतिकार मानिएका उनी अहिले झापा क्षेत्र नम्बर २को चुनावी केन्द्रबिन्दु बनेका छन् ।

२०७९ सालको प्रतिनिधिसभा निर्वाचनले घिमिरेको राजनीतिक जीवनमा निर्णायक मोड ल्यायो । पार्टीभित्र लामो समय काम गरे पनि प्रत्यक्ष निर्वाचनको अवसर नपाएका उनलाई अन्तिम घडीमा टिकट दिइएको थियो । नेतृत्व तहको रणनीतिक निर्णयपछि चुनावी मैदानमा होमिएका घिमिरेले त्यो अवसरलाई जितमा परिणत गर्दै पहिलोपटक जनअनुमोदन प्राप्त गरेका थिए ।

पूर्वी नेपालको कम्युनिष्ट आन्दोलनसँगै राजनीतिक यात्रा शुरु गरेका घिमिरे बिद्यार्थी राजनीति हुँदै संगठन विस्तारको अभियानमा सक्रिय रहे । भूमिगतकालदेखि नै पार्टी निर्माणमा लागेका उनी तेह्रथुम, पाँचथर र इलाम क्षेत्रमा संगठन बिस्तार गर्ने जिम्मेवारी सम्हाल्दै अघि बढेका नेता मानिन्छन् ।

त्रिचन्द्र क्याम्पसमा अध्ययनरत् रहँदा शुरु भएको उनको राजनीतिक सक्रियता क्रमशः केन्द्रीय नेतृत्वसम्म पुग्यो । तत्कालीन माले र मार्क्सवादी धारको एकीकरणपछि बनेको नेकपा एमालेको महाधिवेशनबाट उनी केन्द्रीय सदस्य बने । करिब पाँच दशक लामो राजनीतिक यात्रापछि मात्रै प्रत्यक्ष चुनावमार्फत संसद प्रवेश गर्नु उनको राजनीतिक जीवनको उल्लेखनीय अध्याय बन्यो ।

अघिल्लो निर्वाचनमा घिमिरेले सहज देखिएको प्रतिस्पर्धामा थोरै मतान्तरसहित बिजय हात पारेका थिए । एमालेको संगठनात्मक पकड, स्थानीय संरचना र पार्टी

*(बाँकी अन्तिम पृष्ठमा)*

## इन्दिराका लागि 'पहिलो प्रत्यक्ष परीक्षा'



तीन दशकभन्दा बढी समय समाजसेवामा बिताएकी इन्दिरा रानामगर यतिबेला नयाँ राजनीतिक मोडमा उभिएकी छन् । समानुपातिक सांसद हुँदै प्रतिनिधिसभाको उपसभामुखसम्मको यात्रा तय गरेकी उनी अहिले पहिलोपटक प्रत्यक्ष निर्वाचनको प्रतिस्पर्धामा उत्रिएकी हुन् ।

झापाको अर्जुनधारामा सामान्य परिवारमा जन्मिएकी इन्दिराको जीवन प्रारम्भिक रूपमा संघर्षपूर्ण रह्यो । ढिलो उमेरमा विद्यालय शिक्षा शुरु गरेकी उनले समाजशास्त्रमा स्नातकोत्तर तहसम्म अध्ययन गरेकी छन् । बिद्यार्थी जीवनमै मानवअधिकार र सामाजिक न्यायप्रति आकर्षित भएकी उनको जीवनदिशा समाजसेवातर्फ मोडिएको थियो ।

काठमाडौंमा अध्ययनका क्रममा साहित्यकार पारिजातसँगको निकटता उनको जीवनको निर्णायक मोड बन्यो । मानवअधिकार सम्बन्धी गतिविधिमा स्वयम्सेवकका रूपमा संलग्न हुँदै कारागार भ्रमण गर्दा कैदीबन्दीका सन्तानहरूको दयनीय अवस्था देखेपछि उनले जीवनको लक्ष्य नै परिवर्तन गरिन् ।

राजनीतिमा आउनुअघि इन्दिराले 'बन्दी सहायता नेपाल' स्थापना गरेर जेल सजाय भोगिरहेका महिलाका सन्तानलाई संरक्षण, शिक्षा र सुरक्षित बाल्यकाल उपलब्ध गराउने अभियान शुरु गरिन् । सानो भाडाको घरबाट शुरू भएको प्रयास विस्तार हुँदै विभिन्न जिल्लामा बाल संरक्षणगृह सञ्चालनसम्म पुगेको छ ।

उनले तीन दशकको अवधिमा सयौं बालबालिकालाई संरक्षण र शिक्षाको अवसर दिलाएको दाबी गरिन्छ । बालअधिकार क्षेत्रमा गरेको कामले उनलाई अन्तर्राष्ट्रियस्तरमै चिनायो । विभिन्न अन्तर्राष्ट्रिय सम्मान

*(बाँकी अन्तिम पृष्ठमा)*

## पूर्वसभामुख–उपसभामुखलाई टक्कर दिँदै सरिता



लामो समय समानुपातिक राजनीतिमा सक्रिय रहेकी नेपाली कांग्रेसकी नेतृ सरिता प्रसाईं पहिलोपटक प्रत्यक्ष निर्वाचनको मैदानमा उत्रिएकी छन् । झापा क्षेत्र नम्बर-२ बाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएकी प्रसाईंका लागि यो चुनाव व्यक्तिगत राजनीतिक यात्रा मात्रै होइन, पार्टीको उपस्थितिलाई पुनःस्थापित गर्ने चुनौति समेत बनेको छ ।

दुईपटक संसद प्रवेश गरिसकेकी उनी यसपटक प्रत्यक्ष मतबाट जनादेश खोज्दैछिन् । तर, उनको यात्रा भने सहज छैन । निर्वाचन क्षेत्रमा विघटित प्रतिनिधिसभाका सभामुख र उपसभामुख समेत प्रतिस्पर्धी बनेपछि झापा-२ राष्ट्रिय चासोको केन्द्र बनेको छ ।

वि.सं. २०२४ साउन १० गते जन्मिएकी प्रसाईं बिद्यार्थी राजनीतिबाटै सार्वजनिक जीवनमा प्रवेश गरेकी हुन् । पञ्चायतकालीन राजनीतिक वातावरणमै नेविसंघमार्फत सक्रिय राजनीति थालेकी उनले पछि तरुण दल हुँदै कांग्रेसको केन्द्रीय संरचनासम्मको यात्रा तय गरिन् ।

मेची बहुमुखी क्याम्पसकी पूर्वबिद्यार्थी प्रसाईंले स्नातक तहसम्म अध्ययन गरेकी छन् । संगठनात्मक राजनीतिमा सक्रियताकै आधारमा उनी २०६० सालमा तरुण दलको केन्द्रीय सदस्य बनेकी थिइन् । उनको संसदीय यात्रा दोस्रो संविधानसभा निर्वाचनबाट शुरु भएको थियो । त्यसयता राष्ट्रियसभा सदस्य, प्रमुख सचेतक तथा कृषि राज्यमन्त्रीको जिम्मेवारी सम्हाल्दै उनले संघीय राजनीतिमा निरन्तर उपस्थिति जनाइन् ।

समानुपातिक सांसद बनेर प्रतिनिधिसभामा पुगेकी उनी पार्टीभित्र वैकल्पिक धारबाट अघि बढेकी नेतृका रूपमा चिनिन्छिन् । कांग्रेसको १३औँ र १४औँ महाधिवेशनबाट केन्द्रीय सदस्य निर्वाचित भएपछि उनको

*(बाँकी अन्तिम पृष्ठमा)*

## जनयुद्धदेखि मन्त्री हुँदै चुनावी मैदानमा धर्मशीला



भूमिगत सशस्त्र आन्दोलनको कठोर राजनीतिक वातावरणबाट अघि बढ्दै संसदीय राजनीतिसम्म पुगेकी धर्मशीला चापागाँई फेरि एकपटक प्रत्यक्ष निर्वाचनको मैदानमा उत्रिएकी छन् । संगठन, संघर्ष र संसदीय अनुभवको मिश्रण बोकेकी उनी यसपटक झापा क्षेत्र नम्बर-२बाट उम्मेदवार बनेर मतदातामाझ पुगेकी हुन् ।

पूर्वी नेपालमा माओवादी आन्दोलन सक्रिय रहेका समयमै राजनीतिमा होमिएकी चापागाँईले प्रारम्भदेखि नै राजनीतिलाई व्यक्तिगत लाभभन्दा सामाजिक रूपान्तरणको माध्यमका रूपमा लिएको बताइन्छ । स्थानीय स्तरबाट संगठन निर्माण गर्दै अघि बढेकी उनी पार्टी संरचनाभित्रैबाट नेतृत्वमा स्थापित भएकी नेतृ मानिन्छिन् ।

उनको राजनीतिक यात्रा निर्णायक मोडमा पुगेको थियो २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा । झापा-३ बाट उम्मेदवारी दिँदै तत्कालीन शक्तिशाली प्रतिस्पर्धी तथा चुनावी सरकारका गृहमन्त्री कृष्णप्रसाद सिटौलालाई पराजित गरेपछि उनी राष्ट्रिय राजनीतिक वृत्तमा चर्चित बनिन् ।

त्यसपछि पनि सक्रिय राजनीति निरन्तर जारी रह्यो । २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा समानुपातिक प्रणालीमार्फत संघीय संसद् सदस्य बनेपछि उनले नीति निर्माण, सामाजिक न्याय, महिला अधिकार र सीमान्तकृत समुदायका सवालमा आवाज उठाउँदै संसदीय भूमिका निर्वाह गरिन् ।

संसदीय अनुभवसँगै २०७५ सालमा झापा जिल्ला समन्वय समितिको सदस्यका रूपमा काम गर्दै उनले संघीय संरचना र स्थानीय तहबीच समन्वयको जिम्मेवारी पनि सम्हालेकी थिइन् ।

धर्मशीलालाई संगठनमा हुर्किएको नेतृका रूपमा चिनिन्छ । लामो समय पार्टी संरचनामा काम गरेकाले

*(बाँकी अन्तिम पृष्ठमा)*

### कोशी प्रदेश

# 'यसपाली पार्टीभन्दा व्यक्तिको प्रभाव'

**विराटनगर, फागुन ९।** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि अन्यत्र झैं कोशी प्रदेशमा पनि विभिन्न दलका उम्मेदवारहरू मत माग्दै गाउँघर पुगिरहेका देखिन्छन् ।

तर सर्वसाधारण मतदातामा चुनावबारे खासै चासो देखिँदैन। चुनाव भयो भने मतदान गर्न जाने सोचाइ भने रहेको मतदाताहरू बताउँछन् । मोरङको रङ्गेली नगरपालिका वडा नं. २का ८५ वर्षीय गोविन्दप्रसाद घिमिरे यसपालिको चुनावमा युवा उम्मेदवारलाई भोट दिने योजना रहेको बताउँछन् ।

**देशमै रोजगारीको अवसर चाहियो**

विराटनगर-५की ३० वर्षीया लक्ष्मी पौडेल भन्छिन्- धेरै अहिलेका उम्मेदवार नयाँ जोशजाँगर लिएर आएका छन् । देशमा केही उन्नति, प्रगति र परिवर्तन गर्छु भनेर आएका छन् । उनीहरूलाई साथ दिने सोचाइ छ । उनले थपिन्- देशमा परिवर्तन हुनुपऱ्यो, विकास हुनुपऱ्यो, धेरै युवाहरू रोजगारीका लागि विदेश पलायन भइरहेका छन् । देशमै रोजगारी हुनुपऱ्यो, मूल कुरा यही हो ।

**चुनावी तथ्यांकमा कोशी प्रदेश**

| प्रदेश कोशी | |
|---|---|
| जिल्लाको संख्या | : १४ |
| कुल निर्वाचन क्षेत्र | : २८ |
| कुल मतदाता | : ३५,७४,३१० |
| महिला | : १७,४६,०७३ |
| पुरुष | : १८,२८,२१३ |
| अन्य | : २४ |
| कुल उम्मेदवार | : ४८५ |
| महिला | : ५३ |
| पुरुष | : ४३१ |
| अन्य | : १ |
| मतदान केन्द्र | : ४२७० |
| मतदान स्थल | : ११०७ |

**पारदर्शी नेतृत्व, भ्रष्टाचारमुक्त शासन**

विराटनगर-९का ३१ वर्षीय पूजन श्रेष्ठ यस पटकको चुनावमा पार्टीभन्दा पनि व्यक्तिको प्रभाव बढेको देखिएको बताउँछन् । उनले भने- अब आउने नेताहरू इमानदार हुनुपर्छ । नेतृत्व पारदर्शी हुनुपर्छ । भ्रष्टाचारमुक्त शासन हुनुपर्छ । स्पष्ट निर्णय प्रक्रिया र सार्वजनिक जबाफदेहिता तथा परिणाममुखी विकास गर्न सक्ने हुनुपर्छ । युवालाई


*(बाँकी अन्तिम पृष्ठमा)*

**मतदान किन गर्ने ?**

- लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन ।
- योग्य जनप्रतिनिधिको छनौट गर्न ।
- नागरिक कर्तव्य निर्वाह गर्न ।
- जनतामा निहीत सार्वभौमसत्ताको प्रयोग गर्न ।
- निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई बैधता प्रदान गर्न ।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वरिष्ठ मुटु रोग विशेषज्ञ



DR. RAJESH KUMAR PANJIYAR
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST

CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)

प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट

उपचार हुने रोगहरू
- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा साँस फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

आर. आर. पोलिक्लिनिक
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा
०२३-५४११७४, ९८२०४५११७४

## तीन जना बेवारिसे पुरुषको उद्धार



**धनकुटा, फागुन ९।** मानव सेवा आश्रमद्वारा सञ्चालित 'कोशी प्रदेश उद्धार यात्रा'का क्रममा धनकुटाका विभिन्न स्थानबाट तीन जना बेवारिसे व्यक्तिको उद्धार गरिएको छ।

नेपाल पत्रकार महासंघ धनकुटाको समन्वय तथा जिल्ला प्रहरी कार्यालय धनकुटाको सहयोगमा उनीहरुलाई व्यक्तिको उद्धार गरेर मानव सेवा आश्रम सुनसरी पठाइएको छ। उद्धार हुनेमा धनकुटास्थित मदन चोकको सडक पेटीमा लामो समयदेखि बसिरहेका ३५ वर्षका अमृत, साहिल नाम बताउने ३६ वर्षका अर्का पुरुष र धनकुटा-६ स्थित सडकपेटीमै जीवनयापन गर्दै आएका ५२ वर्षीय भीमप्रसाद अधिकारी छन्।

मानसिक रूपमा कमजोर देखिएका तीनै जनाको पारिवारिक पृष्ठभूमि खुल्न सकेको छैन।

उद्धारपछि उनीहरूको स्वास्थ्य परीक्षण तथा आवश्यक उपचार गरेर सुरक्षित राखिएको आश्रमले जनाएको छ। भविष्यमा पारिवारिक पृष्ठभूमि खुलेमा पुनर्मिलनका लागि आवश्यक पहल गरिने आश्रमले जनाएको छ।

मानव सेवा आश्रमले फागुन ३देखि कोशी प्रदेशस्तरीय सहयोगापेक्षी सडक आश्रितहरूको उद्धार यात्रा चलाएको थियो। जुन फागुन १६ गतेसम्म चल्ने बताइएको छ।

## बुलेट पड्काउँदा...

**झापा, फागुन ९।** झापाको बुधबारे बजार आसपासका क्षेत्रमा ठूलो आवाजमा मोटरसाइकल चलाएर हिँड्ने एकजनालाई नियन्त्रणमा लिइएको छ। उनलाई राति १० बजे पक्राउ गरिएको थियो।

रातको समयमा अनावश्यक रुपमा मोटरसाइकल पड्काएर स्थानीयलाई आतंकित पार्ने ती युवालाई नियन्त्रणमा लिएर आइन्दा गल्ती नदोहोऱ्याउने चेतावनी दिएर छोडिएको छ। बुद्धशान्ति-२का २० वर्षीय ती युवाले केही दिनदेखि जयपुर, बुधबारे लगायतका क्षेत्रका स्थानीयलाई आतंकित बनाउँदै आएका थिए। बुलेट बाइकको साइलेन्सर पाइपलाई अनावश्यक मोडिफाई गरेर उनले ठूलो आवाजमा मोटरसाइकल चलाउने गरेका थिए।

# सुस्केराका ५४ बुँदे वाचा-पत्र

**सुरुङ्गा, फागुन ९।** प्रतिनिधिसभा झापा क्षेत्र नम्बर ४का रास्वपा उम्मेदवार शम्भुप्रसाद ढकाल सुस्केराले ५४ बुँदे वाचापत्र सार्वजनिक गरेका छन्।

स्थानीय कन्काई मावि सुरुङ्गाबाट माध्यमिक शिक्षा र त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्रमा एमए गरेका सुस्केराले विशेष पत्रकार सम्मेलनको आयोजना गर्दै आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभाको निर्वाचनका लागि आफ्नो ५४ बुँदे वाचापत्र सार्वजनिक गरेका हुन्। झापाका अन्य क्षेत्रमा सञ्चारकर्मीका प्रश्नबाट भागिरहेका रास्वपा उम्मेदवारभन्दा फरक झापा क्षेत्र नम्बर ४मा यसरी पत्रकार सम्मेलन नै गरेर सुस्केराले पहिलोपटक आफ्नो वाचापत्र सार्वजनिक गरेका हुन्।

ढकालले सार्वजनिक गरेको वाचापत्रमा बारम्बार निर्वाचन जितेर आफ्नो घोषणा-पत्र अनुसार जनताको काम नगर्ने उम्मेदवारलाई ठगी मुद्दा हालेर जेल हाल्ने कुरा उल्लेख गरेका छन्। २२ वर्ष नेपाल प्रहरीमा काम गरेका सुस्केरा रेडियो कार्यक्रम प्रस्तोता र साहित्यकार पनि हुन्। उनी योग गरौं तथा खाना नफालौं अभियानका अभियन्ता पनि हुन्। उनले आफू चुनाव जितेर गएमा संसदमा जनविरोधी कानून संशोधन गर्ने बताए। दुई पटकसम्म १० सिटसम्म नजित्ने पार्टी र १० लाखसम्म भोट नल्याउने पार्टीको दर्ता खारेजी गर्ने समेत उनको चुनावी वाचा-पत्रमा उल्लेख छ।

निर्वाचित नेता सांसदको सम्पत्ति छानविन गर्ने र जनतामा सुशासनको प्रत्याभूति गराउने, प्रहरी तथा सेनाले १६ वर्षमा पेन्सन सुविधा पाउने, द्वन्द्वपीडित प्रहरी र नागरिकलाई समेत उचित व्यवस्थापन गर्ने, जनमैत्री प्रहरी सेवा लगायतका कुराहरू वाचापत्रमा उल्लेख रहेका छन्।

यसैगरी जनप्रतिनिधिको मृत्यु वा राजीनामा दिएमा पुनः उपनिर्वाचन नगरी उपविजेतालाई स्वतः जिम्मेवारी दिने कुरा समेत वाचापत्रमा उल्लेख छ। लागूऔषध कारोवारी र बलत्कारीलाई आजीवन कारावासको सजाय र उनीहरुको सजाय माफी मिनाहा नहुने व्यवस्था गरिने, गाउँ गाउँमा योग अभ्यास गराइ यसको गुरु बनाएर विदेशमा योग अभ्यास गर्नका लागि प्रशिक्षक पठाइने समेत चुनावी वाचापत्रमा उल्लेख छ।

यसैगरी युवालाई बिना धितो ऋण उपलब्ध गराइने, माटो बचाउन विषादिरहीत खेती प्रणाली अवलम्बन गरिने, विद्यार्थीहरुलाई पढ्दै कमाउँदै गर्ने वातावरणको सृजना गरिने समेत वाचापत्रमा उल्लेख छ।

यसैगरी ऐलानी जग्गाको धनीपुर्जा वितरण, सुकुम्बासी समस्याको समाधान गर्ने, कनकाई, बिरीङ, कमल लगायतका नदीहरुको स्थायी समाधान गरिने, यस क्षेत्रका धार्मिक पर्यटकीय स्थलहरू दोमुखा, माईधाम, कोटीहवन, जामुनखाडीको स्तरोन्नति गरी थप पर्यटक आउने वातावरण बनाइने कुरा समेत वाचापत्रमा उल्लेख छ। सुस्केराले वाचापत्रमा स्थानीय मदिरालाई ब्रान्डिङ गरी बजार व्यवस्थापन गरिने, हात्तीको आक्रमण रोक्न विशेष पहल, कनकाई नदीको अधुरो पुल बनाउने लगायतका वाचा गरेका छन्।

रास्वपाका क्षेत्रीय संयोजक लीलामाया बस्नेतको सभापतित्वमा भएको कार्यक्रममा रास्वपा झापा गाउँपालिकाका सभापति लक्ष्मण तिवारी, रास्वपा शिवसताक्षी नगर सभापति गंगाराम कडरिया, बिर्तामोड नगर उपसभापति अनुप निरौला, रास्वपा कनकाई नगर उपसभापति दीनानाथ खतिवडा, वार्ड नं. ३ सभापति रमेशचन्द्र मैनाली लगायतको आतिथ्य रहेको थियो। वाचा-पत्र सार्वजनिक गरिएपछि उम्मेदवार सुस्केराले सञ्चारकर्मीहरूले सोधेका प्रश्नहरूको जवाफ दिएको रास्वपा कनकाईका नेता रूद्र ढकालले जानकारी दिए।

सोही अवसरमा, झापा गाउँपालिकाका उद्योग वाणिज्य संघका अध्यक्ष, झापा गाउँपालिका खानेपानी महासंघ अध्यक्ष र सानो माई आर्यघाट संस्थाका अध्यक्ष लगायतका भूमिकामा रहेका सन्तोष नेपाल र अर्का समाजसेवी व्यक्तित्व हरि दुलाल रास्वपा प्रवेश गरेका छन्। उनीहरूलाई रास्वपा जिल्ला सचिव समेत रहेका उम्मेदवार सुस्केराले पार्टीको टोपी र घण्टी चिन्ह अङ्कित ब्याज लगाइदिएर पार्टी प्रवेश गराएका थिए।

कार्यक्रम रास्वपाका कनकाई नगर सभापति एवम् क्षेत्र नं. ४का चुनाव प्रचारप्रसार समिति संयोजक मोहन थापाले सञ्चालन गरेका थिए।

## कांग्रेस र रास्वपा कार्यकर्ताबीच झडप

**झापा, फागुन ९।** सुनसरीको भोक्राहा नरसिङ गाउँपालिका-४मा नेपाली कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कार्यकर्ताबीच झडप भएको छ।

सुनसरी क्षेत्र नम्बर ४ अन्तर्गत पर्ने भोक्राहाको चुनावी कार्यक्रममा उम्मेदवार ज्ञानेन्द्र कार्की आफ्नो चुनावी सभालाई सम्बोधन गर्न गएका थिए। बाटोमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का केही युवाहरूसँग जम्काभेटपछि विवाद बढेर हात हालाहाल भएको थियो। परिस्थिति असामान्य हुन लागेपछि प्रहरीले दुवै पक्षका कार्यकर्तालाई तितरवितर बनाउन लाठीजार्च गरेको प्रहरीले जनाएको छ।

कांग्रेसको भ्रातृसंगठन तरुण दलका कार्यकर्ता रास्वपाका कार्यकतामाथि जाइलागेपछि निर्वाचन सुरक्षामा खटिएका प्रहरीले लाठीचार्ज गर्नुपरेको प्रहरीले जनाएको छ।

## फिरौती माग्ने अपहरणकारी पक्राउ

**राजविराज, फागुन ९।** सप्तरीको खड्क नगरपालिका-८ बिसनपुरबाट मङ्गलबार साँझ अपहरणमा परेकी ७ वर्षीया बालिका नेहा खातुनलाई प्रहरीले सकुशल उद्धार गरेको छ। जिल्ला प्रहरी कार्यालय सप्तरी र इलाका प्रहरी कार्यालय कल्याणपुरको टोलीले अपहरणकारीलाई नियन्त्रणमा लिँदै बालिकाको उद्धार गरेको हो।

प्रहरीले अपहरणमा संलग्न खड्क नगरपालिका-९ लालपट्टी टोलका ३० वर्षीय इम्तियाज अहमदलाई रुपनी गाउँपालिका-१ स्थित खाँडो खोलाबाट पक्राउ गरेको हो। अपहरणकारी अहमदले बालिकाका बुबा इमरान खानलाई फोन गरी छोरीको बदलामा एक करोड रुपैयाँ नगद र पाँच किलो सुन फिरौती मागेका थिए।

उनले उक्त फिरौती रकम र सुन बुझाउन खानलाई खाँडो खोलामा बोलाएको समयमा प्रहरीले घेरा हालेर उनलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिए। मङ्गलबार घरबाटै हराएकी बालिकाको खोजीका लागि परिवारले प्रहरीमा उजुरी दिएपछि अनुसन्धान शुरु गरिएको थियो। पक्राउ परेका अहमदबिरुद्ध अपहरण तथा शरीर बन्धक र मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सप्तरी जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी थप अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ।

## धरान टेनके रनको उपाधि रावत र श्रेष्ठलाई



**धरान, फागुन ९।** धरानमा सम्पन्न १४औँ धरान १०के रनको उपाधि नरेन्द्रसिंह रावत र सन्तोषी श्रेष्ठ हात पारेका छन्।

धरान १० (टेनके) किलोमिटर रनमा रावतले ३१ मिनेट ५१ सेकेण्डमा दौड पूरा गरेका थिए भने श्रेष्ठले ३७ मिनेट ३७ सेकेण्डमा पूरा गरेका हुन्। उनीहरुलाई नगद रु. ६० हजार पुरस्कार प्रदान गरिएको छ। पुरुषतर्फ जुलियस मर्युकी ३१ मिनेट ५८ सेकेण्डमा दौड पूरा गर्दै दोस्रो भए भने महिलातर्फ पुष्प सेर्माले ४१ मिनेट ४४ सेकेण्डमा सो दूरी पार गरे। उनीहरुलाई नगद रु. ४० हजार प्रदान गरिएको थियो।

त्यसैगरी अमिर लिम्बू ३२ मिनेट ५० सेकेण्ड र प्रिया क्षेत्री ४२ मिनेट ३ सेकेण्डमा दौड पूरा गर्दै तेस्रो भए। उनीहरुलाई रु. ३० हजार नगद प्रदान गरियो।

# वैदेशिक व्यापार: नौ खर्ब पचास अर्ब घाटा

**काठमाडौँ, फागुन ९।** चालूआर्थिक वर्षको प्रथम सात महिनामा रु, १२ खर्ब ९१ अर्ब ६३ करोड २० लाख बराबरको वैदेशिक व्यापार भएको छ।

भन्सार विभागका अनुसार समीक्षा अवधिमा रु. ११ खर्ब २३ अर्ब ४८ करोड ६२ लाखको आयात र रु. एक खर्ब ६८ अर्ब १४ करोड ५८ लाख बराबरको निर्यात भएको छ। यो अवधिमा मुलुकले रु. नौ खर्ब ५५ अर्ब ३४ करोड तीन लाख घाटा व्यहोरेको छ।

भारतसँग बितेका सात महिनामा रु. छ खर्ब २९ अर्ब २९ करोड ५९ लाखको आयात र रु. एक खर्ब ३७ अर्ब ५१ करोड ७४ लाखको निर्यात हुँदा मुलुकले रु. चार खर्ब ९१ अर्ब ७७ करोड ५१ लाख बराबरको व्यापार घाटा व्यहोरेको छ। चीनसँग रु. दुई खर्ब ३५ अर्ब ३८ करोड २३ लाखको आयात र रु. ९० करोड एक लाख बराबरको निर्यात हुँदा रु. दुई खर्ब ३४ अर्ब ४८ करोड २२ लाख बराबरको घाटा भएको छ।

विभागले सार्वजनिक गरेको विवरण अनुसार अर्जेन्टिनासँग रु. ६६ अर्ब ११ करोड ६६ लाख, संयुक्त अरब इमिरेट्ससँग रु. ३९ अर्ब ७७ करोड ९८ लाख, इण्डोनेशियासँग रु. १२ अर्ब ६४ करोड ४५ लाख बराबरको व्यापार घाटा देखिन्छ। व्यापार नाफा बढी रहेका मुलुकमा भने रोमानियासँग यो अवधिमा रु. पाँच करोड ५२ लाख, नर्वेसँग रु. तीन करोड ३३ लाख र आइसल्याण्डसँग रु. दुई करोड ५७ लाख बराबरको व्यापार नाफा देखिन्छ।

पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ। यो अवधिमा रु. ६९ अर्ब ९१ करोड २२ लाखको डिजेल, रु. ३८ अर्ब १३ करोड ८६ लाखको पेट्रोल र रु. ३१ अर्ब ८५ करोड नौ लाख बराबरको खाना पकाउने ग्यास आयात भएको छ।

यसैगरी, रु. ३१ अर्ब नौ करोड १२ लाख बराबरको फलाम तथा फलामजन्य वस्तु, रु. २१ अर्ब ३२ करोड ६१ लाख बराबरको स्मार्टफोन, रु. ५९ अर्ब १३ करोड ८२ लाख बराबरको कच्चा सोयाबिन तेल, रु. २१ अर्ब २० करोड बराबरको सुन आयात भएको छ। बढी निर्यात भएका वस्तुमा सोयाबिन तेल रु. ६६ अर्ब ७८ करोड ८७ लाख बराबरको निर्यात भएको छ। अलैंची रु. आठ अर्ब ६१ करोड २० लाख, सूर्यमुखी तेल रु. पाँच अर्ब ७८ करोड, कार्पेट रु. पाँच ७१ करोड ८८ लाख ६९ हजार बराबरको निर्यात भएको विभागको तथ्याङ्क छ।

### उम्मेदवारलाई ...

कार्यालय सचिव सुदीप दंगालले समस्या समाधान नभए निर्वाचन परिणाममै प्रभाव पर्ने दाबी गरेका छन्। ६ सय घरपरिवार मिलेर पाँच हजारभन्दा बढी मत प्रभावित हुने अवस्था छ। समाधान नआए चुनावमा असर पर्छ- उनले भने। उनका अनुसार दुई वर्षदेखि स्थानीय विभिन्न तहका सरकार, मन्त्री, नेता र सम्बन्धित निकाय धाउँदै आएको भए पनि तर समस्या यथावत् छ।

बिर्तामोड-अर्जुनधारा क्षेत्रमा फैलिएको ५१ बिगाह जमिन तीन दशकअघि 'नाज टी इस्टेट प्रालि' को चिया बगान थियो। २०५२ सालमा मन्त्रीस्तरीय निर्णयबाट चिया बगान स्थानान्तरण गर्ने निर्णय भएपछि उक्त क्षेत्र घडेरी प्लानिङ गरेर बिक्री गरिएको थियो। पछि हदबन्दी छुट पाएको जग्गा बिक्री गर्न नमिल्ने विषय अदालतमा पुगेको थियो। सर्वोच्च अदालतले २०८० माघ २४ गते विवादित जग्गा सट्टापट्टा सम्बन्धी निर्णय बदर गर्दै कानूनी प्रक्रिया त्रुटिपूर्ण भएको ठहर गरेपछि मालपोत कार्यालय झापाले उक्त क्षेत्रको किनबेच रोक्का गरेको छ।

जग्गा रोक्का भएपछि स्थानीयवासी घरजग्गा कारोबार, बैंकिङ तथा स्वामित्वसम्बन्धी समस्यामा परेका छन्। यही कारण उनीहरू आन्दोलनमा उत्रिएका हुन्। '५१ बिगाह' मुद्दा झापा-२ को निर्वाचनमा प्रमुख राजनीतिक एजेन्डा बनेको छ। खुला छलफल तथा घरदैलोका क्रममा उम्मेदवारहरूलाई यही विषयमा प्रश्न आउने भएपछि धेरैजसो उम्मेदवार असहज अवस्थामा देखिएका छन्।

एमाले उम्मेदवार तथा पूर्वसभामुख देवराज घिमिरेले स्थानीयमाथि अन्याय भएको बताएका छन्। राज्य संयन्त्रकै कारण समस्या जटिल बनेकाले समाधान खोज्नुपर्ने उनको भनाइ छ। कांग्रेस उम्मेदवार तथा पूर्वमन्त्री सरिता प्रसाईंले पीडित स्थानीयमाथि दबाब नदिन आफूहरू जबरजस्ती घरदैलो नगरेको बताइन्। स्थानीयको समस्या समाधानलाई प्राथमिकता दिनुपर्ने उनले उल्लेख गरिन्।

देशभर चुनावी उत्साह बढिरहेका बेला झापा-२को ५१ बिगाह क्षेत्र भने आन्दोलन र असन्तुष्टिको केन्द्र बनेको छ। समस्या समाधान नभएसम्म उम्मेदवार प्रवेश निषेध गर्ने स्थानीयको अडान कायम रहे निर्वाचनको अन्तिम परिणाममा यस क्षेत्र निर्णायक बन्न सक्ने आँकलन गरिएको छ।

### यसपाली ...

अवसर दिनुपर्छ। विदेश पलायन रोक्न स्वदेशमै रोजगारी, उद्यमशीलता र सिप विकासमा ध्यान दिनुपर्छ। उनले नेताले जनतासँग प्रत्यक्ष संवाद गर्नुपर्ने विचार सुनाए। सुशासन र कानूनी शासनको प्रत्याभूति गर्न सक्ने तथा राष्ट्रिय हितलाई पहिलो प्राथमिकता दिने खालको नेताको आवश्यकता रहेको उनले औंल्याए।

### स्रोत ...

उपरीक्षक शैलेन्द्रकुमार भट्टले बताए। उनको साथबाट विभिन्न कम्पनीको स्क्रिनटच मोबाइल २ थान र किप्याड मोबाइल १ थान, बैंङ्क भौचर बरामद गरिएको उनले बताए।

### साखको ...

कार्यकर्ताको परिचालन उनको जितको मुख्य आधार बनेको थियो।

तर यसपटक समीकरण फरक देखिएको छ। पुराना प्रतिस्पर्धी मात्र होइन यहाँ नयाँ शक्ति र स्वतन्त्र धारका उम्मेदवारहरू चुनावी मैदानमा सक्रिय छन्। विशेषगरी शहरी क्षेत्रमा बढ्दो राजनीतिक विकल्पको खोजीले प्रतिस्पर्धा थप रोचक बनेको छ। युवा मतदाताको मनोविज्ञान परिवर्तन हुँदै गएको संकेतले परम्परागत दलहरूलाई चुनौति थपिएको छ। सभामुखको जिम्मेवारी सम्हालेपछि घिमिरे राष्ट्रियस्तरमा चिनिएका नेता बने। संसदीय मर्यादा कायम राख्ने शैली, संयमित अभिव्यक्ति र संस्थागत भूमिकाका कारण उनको छवि तुलनात्मक रूपमा शालीन नेताका रूपमा लिइन्छ। यही पहिचानले पार्टीबाहिरका मतदातालाई आकर्षित गर्ने सम्भावना पनि देखिन्छ।

झापा-२लाई एमालेको परम्परागत बलियो क्षेत्र मानिन्छ। स्थानीय तहको मतपरिणाम र संगठनात्मक संरचना अझै पनि घिमिरेका लागि अनुकूल आधार बनेको छ। विकास आयोजना, पूर्वाधार विस्तार र केन्द्रसँगको पहुँचलाई उनले चुनावी एजेन्डाको रूपमा प्रस्तुत गरिरहेका छन्।

यद्यपि प्रतिस्पर्धा सहज छैन। नयाँ पुस्ताका मतदाता पुराना नेतृत्वप्रति आलोचनात्मक छन्। वैकल्पिक राजनीति र स्वतन्त्र उम्मेदवारहरूको सक्रियताले स्थापित दलहरूको मत विभाजन हुने स्पष्ट देखिएको छ।

पार्टीभित्र टिकट वितरणसँग जोडिएका असन्तुष्ट स्वरहरू पनि व्यवस्थापन गर्नुपर्ने अवस्था घिमिरेका लागि अर्को चुनौति बनेको छ। संगठन मजबुत भए पनि मतदाताको मनोविज्ञान परिवर्तनशील रहेकाले परम्परागत 'क्याडर भोट' मात्रै पर्याप्त नहुन सक्ने आँकलन गरिन्छ। घिमिरेलाई संगठन निर्माणमा खटिने नेताका रूपमा चिनिन्छ। नेतृत्वभन्दा संरचना बलियो बनाउने राजनीतिमा उनी लामो समय सक्रिय रहे। पाँच दशकको राजनीतिमा सार्वजनिक चर्चाभन्दा संगठनात्मक भूमिकामा बढी देखिएका उनी सभामुख बनेपछि मात्रै राष्ट्रिय चर्चामा उक्लिए।

### इन्दिराका ...

र पुरस्कार प्राप्त गरेपछि उनी सामाजिक क्षेत्रमा चिनिएको नाम बनिन्।

कोभिड महामारीका बेला रोजगारी गुमाएका र भोकमरीको जोखिममा परेका नागरिकलाई राहत तथा भोजन वितरण अभियान सञ्चालन गरेर पनि उनी चर्चामा आएकी थिइन्।

लामो समय कुनै दलसँग औपचारिक आबद्ध नरहेकी इन्दिरा नयाँ राजनीतिक शक्तिको उदयसँगै सक्रिय राजनीतिमा प्रवेश गरिन्। छोटो समयमै समानुपातिक सांसद बनेकी उनलाई प्रतिनिधिसभाको उपसभामुख पदको जिम्मेवारी समेत प्राप्त भयो।

संसदीय नेतृत्वको अनुभवले उनलाई राष्ट्रिय राजनीतिक वृत्तमा स्थापित गराए पनि कार्यकाल विवादरहीत भने रहेन। बिदेशी कुटनीतिक नियोगसँग सम्बन्धित पत्राचार प्रकरण सार्वजनिक भएपछि पदीय मर्यादा र आचरणबारे प्रश्न उठ्यो। आलोचना भए पनि औपचारिक कारबाहीको प्रक्रिया अघि बढ्ने आधार र प्रमाणहरु जुट्न सकेन।

इन्दिराको राजनीतिक छवि परम्परागत नेताभन्दा फरक मानिन्छ। सामाजिक आन्दोलनबाट आएको पृष्ठभूमिले उनलाई 'ग्रासरुट' समस्या बुझ्ने नेताका रूपमा चिनाएको छ। मनमा लागेको कुरा खुला रूपमा व्यक्त गर्ने शैलीले उनका समर्थक र आलोचक दुवै छन्।

भावनात्मक प्रतिक्रिया दिने स्वभावका कारण कहिलेकाहीँ विवाद पनि निम्तिएको छ, तर यही कारण उनले जनतासँग प्रत्यक्ष सम्बन्ध कायम गरेको विश्लेषण गरिन्छ। उनको मूल जीवन दर्शन 'सेवा नै धर्म' भन्ने रहेको बताइन्छ।

समानुपातिक प्रणालीमार्फत संसद पुगेकी इन्दिराका लागि यो निर्वाचन व्यक्तिगत र राजनीतिक दुवै हिसाबले महत्वपूर्ण परीक्षा मानिएको छ। समाजसेवाबाट कमाएको छवि मतमा रूपान्तरण गर्न सक्ने वा नसक्ने भन्ने प्रश्न अहिलेको मुख्य बहस बनेको छ।

जीवनका पाँच दशक पार गरिसकेकी उनी सेवा अभियानबाट प्राप्त अनुभवलाई राजनीतिक नेतृत्वमा रूपान्तरण गर्ने दाबी गरिरहेकी छन्। अब मतदाताले समाजसेवी इन्दिरालाई राजनीतिक प्रतिनिधिका रूपमा स्वीकार गर्ने कि नगर्ने भन्ने निर्णय भने मतपेटिकाबाटै आउनेछ।

### पूर्वसभामुख् ...

राजनीतिक उचाइ थप बिस्तार भएको मानिन्छ।

झापाको बुद्धशान्ति गाउँपालिकाकी स्थायी बासिन्दा प्रसाईं जिल्ला संरचनामा लामो समय नबसे पनि केन्द्रीय राजनीतिमा स्थापित हुन सफल नेतृका रूपमा हेरिन्छिन्। कूल १८ उम्मेदवार प्रतिस्पर्धामा रहेको यस क्षेत्रमा अघिल्लो निर्वाचनको मतपरिणाम हेर्दा एमाले अग्रस्थानमा देखिएको थियो ।

यही पृष्ठभूमिमा प्रसाईंको उम्मेदवारीलाई कांग्रेसले संगठन पुनर्जीवनको प्रयासका रूपमा पनि हेरेको छ। पार्टीका स्थानीय नेताहरूका अनुसार यसपटक कार्यकर्तापंक्ति एकताबद्ध भएर चुनावी अभियानमा जुटेको दावी गरिएको छ।

चुनावी अभियानमा प्रसाईंले विकासको बहसलाई व्यवहारिक योजनासँग जोड्ने प्रयास गरिरहेकी छन्। खोक्रा नाराभन्दा परिणाममुखी नेतृत्व आवश्यक रहेको उनको भनाइ छ। उनले मतदातासँगको भेटघाटमा रोजगारी, युवाको अवसर, स्थानीय पूर्वाधार र सुशासनलाई प्राथमिक एजेन्डा बनाएकी छन्। नेतृत्व छनोट गर्दा नाम र हल्लाभन्दा काम गर्ने क्षमता र इमानदारी हेर्नुपर्छ- भन्ने उनको चुनावी सन्देश रहेको छ।

**पहिलो प्रत्यक्ष परीक्षा**

समानुपातिक प्रणालीबाट संसद् पुगेकी प्रसाईंका लागि झापा-२को निर्वाचन राजनीतिक जीवनको नयाँ अध्याय बनेको छ।

अनुभवी र चर्चित प्रतिस्पर्धीबीच उनी आफ्नो संसदीय अनुभवलाई प्रत्यक्ष जनमतमा रूपान्तरण गर्न सक्छिन् कि सक्दिनन् भन्ने चासो बढेको छ। अब प्रश्न एउटै छ- सांसदको अनुभव बोकेकी नेतृलाई मतदाताले प्रत्यक्ष प्रतिनिधिका रूपमा विश्वास गर्नेछन् कि शक्ति सन्तुलन पुरानै ध्रुवमै रहनेछ ?

### जनयुद्धदेखि ...

कार्यकर्ता व्यवस्थापन, संगठन विस्तार र राजनीतिक सन्तुलन कायम गर्ने क्षमतामा उनी अब्बल रहेको निकटवर्तीहरूको बुझाइ छ।

उनको राजनीतिक शैलीमा केही विशेषता देखिन्छन्। जसमा अनुशासित र संगठन केन्द्रित कार्यशैली, जनतासँग प्रत्यक्ष सम्पर्क कायम गर्ने प्रवृत्ति, मुद्दामा केन्द्रित र स्पष्ट अभिव्यक्ति, सरल जीवनशैली र सहज पहुँच। कार्यकारी पदभन्दा नीति निर्माण र संगठन सुदृढीकरणलाई प्राथमिकता दिने नेतृका रूपमा उनी परिचित छिन्।

अनुभव, संगठन र आन्दोलनको पृष्ठभूमि बोकेकी चापागाँईका लागि यो निर्वाचन पुनः जनमत परीक्षणको अवसर बनेको विश्लेषण गरिन्छ। जनयुद्धकालीन संघर्षबाट खारिँदै संसद्सम्म पुगेकी धर्मशीला चापागाईंले लामो राजनीतिक यात्रामा संगठन र नीति राजनीतिलाई प्राथमिकता दिँदै आएकी छन्।

तर, प्रश्न यतिबेला एउटै छ- संघर्ष र संगठनको अनुभवलाई मतदाताले पुनः अनुमोदन गर्छन् कि नयाँ राजनीतिक धारतर्फ झुक्छ ?


बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा

निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

■ प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
■ पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# परिवर्तनको बाटो निर्विघ्न होस्

**मुलुक अहिले निर्वाचनरुपी महायज्ञको सम्मुख छ । भदौ २३, २४ गतेको परिवर्तनको एजेण्डासहितको विद्रोहको परिणाममा हुन लागेको निर्वाचनले त्यसलाई सम्बोधन गर्ने अपेक्षा गरिएको छ । समय परिवर्तनशील छ र त्यही समयले उत्पन्न गरेको परिस्थितिले जनताको चाहना, आकांक्षा र धारणामा परिवर्तन ल्याएको छ, जुन प्रजातान्त्रिक शासन व्यवस्थाको मर्म पनि हो । निर्वाचनमा जनताको मतका आधारमा वैधानिक बाटोबाट रुपान्तरण गर्ने आधार तयार हुन्छ । त्यसैले प्रत्येक निर्वाचनलाई जनादेशको उत्सव मान्ने विश्वव्यापी मान्यता छ । विगतमा सरकारले जनभावना, जनाकांक्षाको उपेक्षा र अनादर गरेकै कारण उत्पन्न असमयको यो निर्वाचनलाई निर्विघ्न, स्वतन्त्र र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न जरुरी छ ।**

**निर्वाचन प्रजातान्त्रिक प्रणालीको सौन्दर्य हो । यसले जनभावनाको प्रतिविम्वन गर्छ र सरकारलाई सार्वभौम जनताको आदेश प्रकट गर्छ । त्यस्तो जनभावना जनाकांक्षा र आवश्यकताको परिपूर्ति गर्नुको साटो सरकार निरंकुश हुँदा विद्रोहको परिस्थिति आउँछ, जुन विगतका आन्दोलनहरुले पनि प्रमाणित गरिसकेका छन् । सरकारको स्थिरता, राष्ट्र विकास र प्रतिष्ठा तबमात्र कायम हुन्छ, निरन्तर चल्छ र उठ्छ जब सरकार निर्दिष्ट बाटोमा दृढसंकल्पित हुन्छ । त्यस्तो अवस्थाले जन आक्रोशलाई विद्रोहमा परिणत गर्न सक्छ जुन भदौमा केही घण्टाको आन्दोलनले पनि पुनर्पुष्टि गरिसकेको छ ।**

**अनि पनि 'लिक' छाडेको संविधानको यात्रा र परम्परालाई कायम राख्ने वैधानिक बाटो निर्वाचन नै हो । त्यसैले केही दिन बाँकी रहेको प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्पन्न गर्न दलहरुका बीच स्वस्थ प्रतिष्पर्धा हुनुपर्छ । बहुलवादी समाज र प्रजातान्त्रिक प्रणालीमा दलहरुले जनताको प्रतिनिधित्व गर्छन् र तिनै प्रतिनिधिहरु मध्येबाट सरकार गठन हुन्छ । जेन–जी विद्रोहपछिको उत्पन्न यो परिस्थितिमा त्यसकारण पनि नेपाली कांग्रेस, एमाले र हाल गठन भएको नेपाली कम्युनिष्ट पार्टीका नेतृत्व, नेता र कार्यकर्ताहरुले बढी संयमित हुनुपर्छ ।**

**आसन्न निर्वाचन पुराना र ठूला भनिने दलहरुको अग्नि परीक्षा हो । बहुदलीय शासन प्रणाली अख्तियार गरेको साढे तीन दशकभन्दा बढी भइसके पनि यसले स्थायित्व नपाउनु तिनै दलहरुको अक्षमताको परिणाम हो । त्यसको मूल्यांकन सार्वभौम जनताले गोप्य मतका आधारमा गर्छन् जसलाई प्रतिष्पर्धीहरुले सहज स्वीकार गर्नुपर्छ । राजनीतिलाई पेशाका रुपमा अंगीकार गर्दा उत्पन्न यो विषम् परिस्थितिमा फेरि असमय निर्वाचन नहोस् यसतर्फ मतदाता समेत सजग हुनुपर्छ । विगत जस्तै मतको सदुपयोग गरिएन भने आवधिक निर्वाचन मात्रै होइन व्यवस्थाको भविष्य नै संकटमा पर्छ । त्यसैले पनि दल, आम मतदाता र सरोकारवाला सबै आसन्न निर्वाचनको स्वच्छता, निष्पक्षता र निर्विघ्नताको निम्ति जिम्मेवार बनून् ।**

# घोषणा पत्र : विगतदेखि वर्तमानसम्म



सूर्यप्रसाद पाण्डे

विभिन्न दस्ताबेज अनुसार नेपालमा राजनीतिक दलले घोषणापत्र लेखनको औपचारिक शुरुवात २०१५ सालको निर्वाचनदेखि गरेको पाइन्छ। नेपालमा सम्पन्न भएको पहिलो संसदीय निर्वाचन पनि त्यही नै थियो। त्यतिबेला नेपाली कांग्रेस, तत्कालीन नेपाल कम्युनिस्ट पार्टी ( नेकपा), गोर्खा परिषद् जस्ता दलले लिखित घोषणापत्र सार्वजनिक गरेका थिए। कांग्रेसले त्यतिबेला घोषणापत्र मार्फत खेतमा काम गर्ने किसान र खेताला, अन्य प्रतिष्ठानका मजदुर, व्यापारी, जङ्गी या निजामतीतर्फका कर्मचारी, महिला, तरुण, विद्यार्थी, शिक्षित समुदाय, जमिनदार, सन्तमहन्त, सुब्बा, राई, थरी मुखिया, जिम्मावाल, धनी तथा गरीबलाई समेत एकमुष्ट रूपमा घोषणापत्र मार्फत चुनावी सन्देश पठाएको थियो।

निर्वाचनमा कांग्रेस सफल भएको अवस्थामा गाउँ, किसान र जग्गा, उद्योगधन्दा तथा कलकारखाना, मजदुर, प्रशासन, धर्म, न्याय, शिक्षा, स्वास्थ्य, यातायात, भाषा, वैदेशिक नीति लगायतका सन्दर्भमा गरिने कार्य पनि घोषणापत्रमा बुँदागत रूपमा उल्लेख गरिएको थियो। नेकपाले पनि घोषणापत्र मार्फत वैदेशिक तथा घरेलु नीतिबारे आफ्ना धारणा सार्वजनिक गरेको थियो भने उद्योगधन्दा, घरेलु उद्योग, बन्दव्यापार, यातायात र सञ्चार, मजदुर, मध्यम वर्गीय, महिला, अछुत तथा प्रवासी नेपालीका लागि सञ्चालन गरिने कार्यक्रमबारे धारणा सार्वजनिक गरेको थियो। शिक्षा, स्वास्थ्य, भाषा, धर्म, कला र संस्कृति लगायत २००७ सालमा प्राप्त प्रजातन्त्रलाई अझ विस्तार गर्न पार्टीले अवलम्बन गर्ने नीतिबारे आफ्ना दृष्टिकोण सार्वजनिक गर्दै मतदातालाई खुला हृदयले नेकपालाई सघाउन अपिल गरेको थियो।

मुलुकमा निर्दलीय पञ्चायती व्यवस्थाको सुरुवात भएसँगै औपचारिक रूपमा घोषणापत्र लेखन ओझेलमा परेको थियो। यद्यपि त्यतिबेला पनि उम्मेदवारले आफ्नो निर्वाचनका योजना तथा रणनीति भने सार्वजनिक गर्ने गर्दथे। वि.सं. २०४८ को संसदीय निर्वाचनदेखि भने फेरि निर्वाचन घोषणापत्र लेखन कार्य नियमित, व्यवस्थित र संस्थागत हुन थालेको थियो। त्यसपछि भएका प्रत्येक निर्वाचनमा दलले आफ्नो विस्तृत निर्वाचन घोषणापत्र सार्वजनिक गर्दै आएका छन्। प्रतिनिधि सभा निर्वाचन २०८२ सम्म आइपुग्दा राजनीतिक दल मात्रै होइन, हरेक जसो दलका उम्मेदवारले मतदाता समक्ष छुट्टाछुट्टै वाचा पत्र समेत सार्वजनिक गर्न थालेका छन्। सूचना प्रविधिको बढ्दो फैलावटसँगै उम्मेदवारलाई चुनावी सङ्कल्पपत्र जनतासमक्ष प्रस्तुत गर्न पनि सहज भएको छ। चार निर्वाचनका समयमा ठूला-ठूला प्रतिबद्धता व्यक्त गर्ने तर निर्वाचन जितेर गएपछि विगतका वाचा पूरा गर्नुभन्दा पनि आ-आफ्नै व्यक्तिगत स्वार्थमा दल र उम्मेदवार लागेको आमगुनासो छ।

**नेपाली कांग्रेस**

यसअघिको प्रतिनिधि सभा निर्वाचनमा 'संविधानको रक्षा, स्थायित्व र समुन्नतिको आधार : नेपाली कांग्रेसको नेतृत्वमा अबको सरकार' भन्ने मुख्य नारासाथ घोषणापत्र सार्वजनिक गर्दै कांग्रेसले आफ्नै नेतृत्वमा सरकार गठन गर्ने घोषणा समेत गरेको थियो। यसबीचमा एमाले र माओवादीसँग गठबन्धन गरेर सरकार गठन गरे पनि आफैँले नेतृत्व लिन भने पाएन। फागुन २१ गते हुन लागेको निर्वाचनलाई केन्द्रित गर्दै यस पटक पनि कांग्रेसले आफ्नै नेतृत्वमा सरकार गठन गर्ने सङ्कल्पसहित सुशासन स्थापना र मुलुकको मुहार फेर्ने विषयलाई प्राथमिकता दिएको छ।

चुनावी घोषणापत्र सार्वजनिक गर्नुअघि कांग्रेसले फागुन ६ गते प्रतिज्ञापत्र सार्वजनिक गरेको थियो। प्रतिज्ञापत्रमा कांग्रेसले पाँच वर्षभित्र भ्रष्टाचारमुक्त मुलुक बनाउने पहिलो प्रतिज्ञा गरेको छ। त्यस्तै सुशासनका लागि प्रधानमन्त्री र मुख्यमन्त्रीको कार्यकाल तोक्ने, मन्त्रालय घटाउने र यसका लागि प्रधानमन्त्री र मुख्यमन्त्री अब दुई/दुई पटक मात्रै बन्न पाउने विषयलाई प्राथमिकता दिएको कांग्रेसले जनाएको छ। त्यस्तै सङ्घमा १६ र प्रदेशमा ६ मात्रै मन्त्रालय बनाउने, सरकारी नियुक्तिमा दल होइन, अब्बल खोज्ने नीति अख्तियार गर्ने नीति कांग्रेसले लिएको छ। आगामी पाँच वर्षमा १५ लाख रोजगारी सिर्जना गर्ने र यसका लागि कांग्रेसले चलाएको 'मिसन रोजगारी'लाई निरन्तरता दिन र संविधानमा लेखिएको मौलिक हक अन्तर्गतको रोजगारी सिर्जना गर्ने कांग्रेसको योजना छ।

**राष्ट्रियता : एमालेका मुख्य लक्ष्य**

२०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा 'समृद्ध नेपाल : सुखी नेपाली'को राष्ट्रिय सङ्कल्पलाई मुख्य एजेन्डा बनाएर घोषणापत्र सार्वजनिक गरेको एमालेले मुलुकको समृद्धिका लागि राष्ट्रिय अर्थतन्त्र निर्माणमा जोड दिएको दियो। २०७९ को चुनावी घोषणापत्रमा आफ्नो नेतृत्वको सरकार बने २० कामको ग्यारेन्टी गर्ने लक्ष्य राखेको एमालेले यसपटक भने मुलुकको समृद्धिका लागि २५ स्तम्भ, एमालेले सरकारको नेतृत्व गर्न पाएको अवस्थामा पहिलो मन्त्रीपरिषद्को बैठकपछि थाल्ने ११ कामलाई घोषणापत्रमा प्राथमिकता दिएको छ। त्यस्तै १८ देखि २८ वर्ष उमेर समूहका युवालाई मासिक १० जिबीका दरले एक वर्षसम्म निःशुल्क डाटा, युवा र उद्यमीलाई १० हजार बराबरको डलर कार्ड, विद्यार्थीलाई २० लाख निर्ब्याजी ऋण तथा पारिश्रमिकसहितको इन्टर्नसिप लगायतका विषयलाई प्राथमिकता दिएको छ।

त्यस्तै वैदेशिक रोजगारीमा रहेकाहरूको खातामा पाँच हजार जम्मा गर्ने र सामाजिक सुरक्षामा निरन्तरता दिने, सबै विद्यालयका किशोरीलाई निःशुल्क प्याड, कक्षा १० सम्मका विद्यार्थीलाई खाजा र आगामी सरकार आफूले गठन गर्ने अवसर पाए श्रमिकहरूको न्यूनतम पारिश्रमिक २५ हजार रुपैयाँ बनाउने एमालेको घोषणा छ। फागुन सात गते सार्वजनिक गरिएको घोषणापत्रमा शिक्षकको मर्यादा र सामाजिक सुरक्षालाई प्राथमिकता दिएर काम गर्ने पनि उल्लेख गरिएको छ। महिलालाई प्रतिजन्म २० हजार रुपैयाँ मातृशिशु पोषण भत्ता तथा स्वास्थ्य स्वयम्सेविकालाई २० हजार भत्ता र सामाजिक सुरक्षा प्रदान गरिने र महिला उद्यमशीलता विकास गर्न बैङ्क तथा वित्तीय संस्था मार्फत २० लाख रुपैयाँसम्म उद्यमी महिला निर्ब्याजी ऋण सहज ढङ्गले प्रदान गर्ने घोषणा गरेर महिलाले महिला मतदाताको मत तान्न खोजेको छ।



राज्यद्वारा गरीब परिवारको रूपमा पहिचान भएका घरपरिवारले बैङ्क तथा वित्तीय संस्थाबाट २०८२ साल भदौसम्म लिएको २५ हजारसम्मको ऋण मिनाहा गरिने र त्यस्ता सबै परिवारलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराउने एमालेको लक्ष्य छ। यसअघिको घोषणापत्रमा 'बलियो राष्ट्रियता र सुदृढ लोकतन्त्र' मूलमन्त्र र राष्ट्रिय सङ्कल्प र 'समृद्ध नेपाल, सुखी नेपाली' सहितका महत्त्वकांक्षा राखेको एमालेले पाँचै वर्ष सरकार नचलाए पनि एक पटक प्रचण्डको नेतृत्वमा सरकारमा सहभागी भयो भने अर्को पटक कांग्रेससँग मिलेर आफ्नै नेतृत्वमा सरकार बनाएको थियो।

त्यतिबेला घोषणापत्रको मूलमन्त्रमा 'बलियो राष्ट्रियता र सुदृढ लोकतन्त्र'को विषय समेटेको एमालेले चुनावमा गरेका प्रतिबद्धता पूरा गर्न पूरा कार्यकाल सरकार चलाउन नपाएको भन्दै यस पटक पनि पहिलाका प्रमुख मुद्दालाई नै घोषणापत्रमा समेटेको छ। यसपटक उक्त पार्टीले विगतका तुलनामा महत्त्वकांक्षी प्रतिबद्धता घटाउँदै व्यावहारिक र कार्यान्वयनयोग्य घोषणापत्र ल्याएको छ। यसअघि घोषणापत्र सार्वजनिक गर्नुअघि एमालेले प्रधानमन्त्रीको उम्मेदवारका रूपमा उभ्याएको पार्टी अध्यक्षसमेत रहेका केपी शर्मा ओलीले आफू उम्मेदवार बनेको झापाको क्षेत्र नं. ५ केन्द्रित ४२ बुँदे प्रतिबद्धता जारी गर्नुभएको छ। निर्वाचन केन्द्रित उक्त प्रतिबद्धतापत्रमा सुशासन, भ्रष्टाचार नियन्त्रण, राष्ट्र, राष्ट्रियता र पूर्वाधार गरी चार वटा विषय समेटिएका छन्।

**रास्वपाको वाचापत्र**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) रास्वपाले सदाचार, आर्थिक समृद्धि, रोजगारी, पूर्वाधार र प्रवास गरी मुख्य पाँच क्षेत्रलाई प्राथमिकतामा राखेको छ। उक्त पार्टीले चुनावी घोषणापत्रलाई करारपत्रका रूपमा परिभाषित गर्दै नागरिकको मतलाई लगानीका रूपमा परिभाषित गरेको छ। आगामी पाँच वर्षमा गरिने कार्यको फेहरिस्त पनि उक्त पार्टीले सार्वजनिक गरेको छ। करारपत्र मार्फत उक्त पार्टीले सदाचार र असल शासन, मध्यम वर्गीय विस्तार लगायतलाई प्राथमिकता दिएको छ। भ्रष्टाचारविरोधी महाअभियान मार्फत पारदर्शी राज्य संयन्त्र निर्माण गर्ने सङ्कल्प गरेको छ। यस अन्तर्गत सरकारी सेवालाई पूर्ण रूपमा डिजिटल बनाउँदै सेवाग्राहीले भोग्नुपर्ने झन्झट अन्त्य गर्ने र वि.सं. २०४६ देखिकै उच्च पदस्थको सम्पत्ति छानबिन गर्न उच्चस्तरीय आयोग गठन गर्ने योजना करारपत्रमा उल्लेख छ।

आर्थिक समृद्धितर्फ पार्टीले नेपालको प्रतिव्यक्ति आयलाई तीन हजार अमेरिकी डलर र कुल गार्हस्थ उत्पादन ( जिडिपी)को आकारलाई एक सय अर्ब डलर पुर्‍याउने महत्त्वकांक्षी लक्ष्य लिएको छ। नागरिकको जन्मदेखि मृत्युसम्मका आधारभूत आवश्यकता सम्बोधन गर्न एकीकृत सामाजिक सुरक्षा र शत्प्रतिशत बिमासहितको गुणस्तरीय स्वास्थ्य सेवा दिने प्रतिबद्धता समेत रास्वपाले सार्वजनिक गरेको छ।

पछिल्लो समय मुलुकबाट दैनिक तीन हजार तीन सय युवा विदेश पलायन हुने गरेको तथ्याङ्क रास्वपाले आफ्नो करारपत्रमा उल्लेख गरेको छ। यो अवस्थाको अन्त्यका लागि रास्वपाले आगामी पाँच वर्षभित्र सूचना प्रविधि, निर्माण, पर्यटन, कृषि र उद्योगका क्षेत्र मार्फत १२ लाख नयाँ मर्यादित रोजगारी सिर्जना गर्ने योजना बनाएको छ। १५ हजार मेगावाट विद्युत् उत्पादन, ३० हजार किलोमिटर राष्ट्रिय राजमार्ग निर्माण र १० वटा राष्ट्रिय महत्त्वका सिग्नेचर आयोजना सम्पन्न गर्ने लक्ष्य रास्वपाको छ। त्यस्तै विदेशमा रहेका नेपालीको योगदानलाई कदर गर्दै उनीहरूका लागि अनलाइन मताधिकार र वंशजको नागरिकताको निरन्तरता सुनिश्चित गर्ने विषयलाई पार्टीले विशेष जोड दिएको छ।

करारपत्र सार्वजनिक गरेपछि कर्णालीको राजधानी सुर्खेतबाट उक्त पार्टीले फेरि अर्को वाचापत्र सार्वजनिक गर्दै रूपान्तरणका लागि नीतिगत प्रस्थानका सय आधार प्रस्तुत गरेको छ। जसमा रोजगारी सिर्जना, प्रभावकारी स्वास्थ्य बिमा, दलमुक्त राज्य संयन्त्र, न्याय सुधारमा मेटिरोक्रेसी, सरकारी सुधारमा लाइन होइन, अनलाइन, निजी क्षेत्रसँग साझेदारी, करको बोझ हटाउने, १० वर्षमा मध्यम आय भएको मुलुक बनाउने, वार्षिक सात प्रतिशत आर्थिक वृद्धि, प्रतिव्यक्ति आय तीन हजार डलर र सात वर्षमा एक सय अर्ब डलरको अर्थतन्त्र बनाउने जस्ता विषय समेटिएको छ।

**जसपाको लक्ष्य : संविधान संशोधन**

मुलुकमा दशकौंको सङ्घर्ष र राजनीतिक परिवर्तनपछि पनि नागरिकले अपेक्षा गरे अनुसार गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा पाउन नसकेको भन्दै जनता समाजवादी पार्टीले गुणात्मक शिक्षा र रोजगारीलाई प्राथमिकता दिएको छ। राज्य सेवाप्रदायक नभई केवल नियामक भूमिकामा सीमित बन्दै गएको र यही कारण स्वास्थ्य, शिक्षा र कानून जस्ता आधारभूत क्षेत्र बजारीकरण हुँदा समाज 'किन्न सक्ने' र 'किन्न नसक्ने' गरी दुई वर्गमा विभाजित हुँदै गएको उक्त पार्टीको ठम्याइ छ। घोषणापत्रमा भनिएको छ, 'जसपा, नेपाल यस अवस्थालाई अस्वीकार गर्दै देशलाई समावेशी विकास, सामाजिक न्याय, सुशासन र समृद्धिको नयाँ दिशामा अघि बढाउन दृढ प्रतिबद्धता व्यक्त गर्दछ।'

उक्त पार्टीले राष्ट्रिय सुरक्षा र अन्तर्राष्ट्रिय सम्बन्ध, संविधान संशोधन तथा पुनर्लेखनलाई पनि घोषणापत्र मार्फत उच्च प्राथमिकतामा राखेको छ। संविधानका विज्ञ सम्मिलित उच्चस्तरीय संविधान पुनरावलोकन आयोग गठन गरी उक्त आयोगको सुझावका आधारमा संविधान संशोधन तथा पुनर्लेखन गरिने उक्त पार्टीको योजना छ। शासकीय स्वरूपमा परिवर्तन, राष्ट्रिय पहिचानमा आधारित सङ्घीयता र प्रादेशिक संरचना निर्माण, न्याय प्रणालीलाई सङ्घीय स्वरूपमा पुनर्संरचना गर्न, संवैधानिक निकायलाई बलियो बनाउन, जनलोकपाल जस्ता निकायको गठन गर्न, उत्पीडित समुदायको हकअधिकार र पहिचानलाई सुनिश्चित गर्न संविधान संशोधन आवश्यक रहेको उक्त पार्टीको ठहर छ। राजनीतिक लोकतन्त्र, आर्थिक लोकतन्त्र, सामाजिक लोकतन्त्र, समावेशी लोकतन्त्र तथा सांस्कृतिक लोकतन्त्रलाई संस्थागत गर्न पनि संविधान संशोधन आवश्यक रहेको जसपा नेपालको भनाइ छ।

**नेकपाको प्रतिबद्धता पत्र**

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)सहित विभिन्न दल मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टीले पनि निर्वाचन लक्षित घोषणापत्रमा महत्त्वकांक्षी योजना अघि सारेको छ। पार्टीको प्रतिबद्धता पत्रमा राजनीतिक स्थिरता, भ्रष्टाचार नियन्त्रण, नयाँ चरणको आर्थिक सुधार र सामाजिक न्यायसहितको समृद्धिलाई प्राथमिकता दिइएको छ। राजनीतिक स्थिरता र शासकीय स्वरूपमा आमूल परिवर्तन गर्ने उद्घोष गरेको उक्त पार्टीले विद्यमान निर्वाचन प्रणाली खर्चिलो र भ्रष्टाचारलाई बढावा दिनेखालको भएको ठहर गर्दै यसमा व्यापक सुधारको प्रस्तावसमेत छ। जेन-जीको मर्म र मुलुकको आवश्यकता अनुरूप शासकीय स्वरूप र निर्वाचन प्रणालीमा परिमार्जन गर्ने, यस अन्तर्गत सानो आकारको मन्त्रीपरिषद् गठन गर्ने, सांसदलाई विधायकको भूमिकामा मात्र सीमित राख्ने र सङ्घीयताको मर्म अनुसार अधिकारको बाँडफाँट गर्ने योजना अघि सारिएको छ।

भ्रष्टाचार नियन्त्रण र सुशासनको ग्यारेन्टी सुशासनलाई पार्टीको मुख्य प्रस्थानविन्दु बनाउँदै सार्वजनिक पद धारण गरेका सबै व्यक्तिको सम्पत्ति छानबिन गर्न एक वर्षको समयसीमा तोकी 'उच्चस्तरीय सम्पत्ति छानबिन आयोग' गठन गर्ने प्रतिबद्धता गरिएको छ। उक्त पार्टीले प्रतिबद्धता पत्र मार्फत आर्थिक सुधारलाई पनि उच्च प्राथमिकतामा राख्ने जनाएको छ। आगामी पाँच वर्षभित्र दोहोरो अङ्कको आर्थिक वृद्धि दर (१० प्रतिशत माथि) हासिल गर्ने लक्ष्य पार्टीले लिएको छ। हाल २०.१५ प्रतिशत रहेको बहुआयामिक गरिबीलाई पाँच प्रतिशतमा झार्ने, प्रति वर्ष पाँच लाख रोजगारी सिर्जना गर्ने, आगामी दशकलाई 'कृषि लगानी दशक' घोषणा गर्दै दुई वर्षभित्र प्रमुख खाद्यान्नमा आत्मनिर्भर बनाउने, एक लाख रिटर्नी युवालाई उद्यमी बनाउने र वैदेशिक लगानीलाई उत्पादनमूलक क्षेत्रमा आकर्षित गर्ने नीति लिइएको छ।

**साना दलका फरक–फरक एजेन्डा**

निर्वाचनलाई लक्षित गरेर यसै वर्ष खुलेका प्रगतिशील लोकतान्त्रिक पार्टी, उज्यालो नेपाल पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि रोजगारी सिर्जनालाई प्राथमिकता दिएका छन्। रोजगारी सिर्जनाका लागि कृषि, उद्योग, पर्यटन र स्टार्टअप प्रवर्द्धन लगायतमा जोड दिने ती दलको प्रतिबद्धता छ। प्रलोपाले युवा निर्यात गरी मुद्रा आयात गरेर गुजारा गर्ने प्रवृत्तिको अन्त्य गर्ने प्रतिबद्धता घोषणा पत्र मार्फत गरेको छ। उज्यालो नेपाल पार्टीले एक वर्षमा नौ लाख रोजगार प्रदान गर्ने महत्वाकांक्षी चुनावी प्रतिबद्धता पत्र सार्वजनिक गरेको छ। उक्त पार्टीले जलविद्युत् कृषि, पर्यटन, आइटी, उद्योग, पूर्वाधार, शिक्षा, स्वास्थ्य र खेलकुद क्षेत्रबाट वार्षिक नौ लाख रोजगारी सिर्जना गर्न सकिने जनाएको छ। राप्रपाले पनि मुलुकमा रोजगारी सिर्जनाका लागि प्रशस्तै सम्भावना रहेको र यो नै मुलुकको आर्थिक समृद्धिको आधार रहेको चुनावी घोषणापत्रमा समावेश गरेको छ। गोप



## के तपाईं घरमा हावा शुद्ध पार्ने बिरुवा रोप्न चाहनुहुन्छ ?

आफ्नो घरको बगैंचालाई राम्रो र सुन्दर बनाउनका लागि थरिथरिका बोटबिरुवा लगाउने चलन छ। विशेषगरी शहरी क्षेत्रमा गमला तथा घर वरिपरिको खाली ठाउँमा विभिन्न किसिमका फूल तथा बोटबिरुवाले सजाउने गरिएको पाइन्छ।

वास्तु शास्त्रका हिसाबले केही बोटबिरुवालाई घरवरिपरि लगाउँदा शुभ मानिएको छ भने केहीलाई अशुभ मानिएको छ। अन्तर्राष्ट्रिय मिडिया नवभारत टाइम्सका अनुसार क्रोटन प्लान्ट घरमा रोप्दा यसले घरको सुन्दरता बढाउनका साथै यो एक उत्कृष्ट वायु शुद्धीकरण पनि हो।

क्रोटन एक इनडोर बिरुवा हो। क्रोटन बिरुवा यसको रंगीन, सुन्दर पातहरूको लागि परिचित छ। यसको पातहरूले हावाबाट विषाक्त पदार्थहरू सोस्न मद्दत गर्दछ। त्यसैले घरभित्रको हावा शुद्ध पार्नको लागि एक महत्वपूर्ण बिरुवा बनाउँछ। धेरै मानिसहरूले यसलाई आफ्नो छाना, बाल्कोनी, शयन कक्ष र कार्यालयहरूमा रोप्न रोज्छन्। क्रोटनको हेरचाह गर्न केही कुराहरू आवश्यक पर्दछ।

**कस्तो ठाउँमा रोप्ने ?**

यस बिरुवाले उज्यालो, अप्रत्यक्ष प्रकाश मन पराउँछ। त्यसैले प्रकाश पर्ने ठाउँमा रोप्दा राम्रो हुन्छ। यसको माटो थोरै ओसिलो राख्नुपर्छ, तर धेरै पानी हाल्नु हुँदैन।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्ने छ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** मन शान्त रहने छ, पारिवारिक कारणले खुशी तथा आत्मबल बढ्ने छ, रमाइलो यात्रा हुने योग छ, आज खर्च बढेर जानेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** मन प्रशन्न रहला, धन तथा स्वास्थ्य लाभ हुनुका साथै शुख प्राप्त हुनेछ, शत्रुमाथि विजय प्राप्त हुनाले मन आनन्दित हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** फाइदाजनक दिन छ। नयाँ वश्त्र प्राप्तीको योग छ, पराक्रममा वृद्धि हुनेछ, आफन्तजनको सहयोग प्राप्त हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नाले मन प्रशन्न रहला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** स्वास्थ्य प्रतिकुल बन्नेछ, लामो समयदेखिको अनावश्यक झमेलाबाट छुटकारा मिल्ने योग आएको छ, कसैसँग विवाद नगर्नुहोला।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुनेछ, भाग्यले साथ दिनेछ, पारिवारिक जमघटले आज रमाइलो हुनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** समय मिश्रित फलदायी छ, सन्तानबाट खुशीको खबर तथा सहयोग प्राप्त हुनेछ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोलीको भरमा काम बन्ने समय आएको छ, स्वास्थ्यमा समस्या हुन सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** तपाईको बोलिको प्रभावले काम बन्ने समय आएको छ, त्यसैले बोल्दा ध्यान दिनुहोला, इष्टमित्रले भरपुर साथ दिनेछन्, धैर्य गर्नुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** आज सन्तान पक्षबाट शुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नेछ, मन हर्षित हुनेछ।

**मिति २०८२/११/०९ शनिबारको सुनचाँदी मूल्य**



छापावाला सुन प्रति तोला रु. ३,०४,७००/-



चाँदी प्रति तोला रु. ५,०५०/-

# मनमोहक मुन्दुम पदमार्ग



**भोजपुर, फागुन ९।** मुन्दुम पदमार्ग पूर्वी नेपालको एक रमणीय र सहज पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ। प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस पदमार्गमा आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण दिनानुदिन बढ्दो छ।

अग्ला पहाडी डाँडाकाँडा, चम्किला हिमश्रृङ्खला र तराईका समथर फाँटको मनोरम दृश्य एकै यात्रामा अवलोकन गर्न सकिने भएकाले यो पदमार्ग पर्यटकको रोजाइँमा पर्न थालेको हो। यात्रा क्रममा किराँत समुदायको संस्कार-संस्कृति झल्काउने संरचना, विशाल घाँसे मैदान, स्थानीय गोठालाले पालेका चौँरी र भेडीगोठले यात्रालाई अझ रोमाञ्चक बनाउने गर्छ।

टेम्केमैयुङ गाउँपालिकाका अध्यक्ष सरोज बस्नेतका अनुसार पछिल्लो समय मुन्दुम पदमार्ग सहज र सुरक्षित गन्तव्यका रूपमा विकास भइरहेको छ। पर्यटकको सुरक्षित यात्राका लागि गाउँपालिकाले आवश्यक पूर्वाधार निर्माण र व्यवस्थापनमा सक्रिय भूमिका खेल्दै आएको उनले बताए। साथै पदमार्गको थप विस्तार कार्य समेत जारी रहेको जानकारी दिए।

गाउँपालिका उपाध्यक्ष रमादेवी राईले टेम्केमैयुङ प्राकृतिक रूपमा सुन्दर क्षेत्र भएकाले पर्यटन र कृषिलाई प्राथमिकतामा राखेर योजना अघि बढाइएको बताइन्। पर्यटकलाई लक्षित गर्दै पदमार्ग आसपास धारा, विश्राम स्थल लगायत संरचना निर्माण गरिएको छ।

पर्यटकलाई पदमार्गको विशेषता, भौगोलिक अवस्था, भ्रमणयोग्य स्थल, लाग्ने समय, आवास व्यवस्था तथा सुरक्षित यात्रा सम्बन्धी जानकारी प्रदान गर्ने लक्ष्यले पर्यटन सूचना केन्द्र भवन समेत स्थापना गरिएको छ।

यस क्षेत्रमा किराँत राई, शेर्पा, तामाङ लगायत समुदायको सांस्कृतिक पहिचान झल्कने परिकारका साथै गोठालाले उत्पादन गर्ने अर्गानिक खाद्य सामग्रीको स्वाद लिन सकिन्छ।

विविध वनस्पति र जडीबुटीले पनि पर्यटकको ध्यान तान्ने गरेका छन्। नेपालका प्रमुख हिमाल एकै स्थानबाट अवलोकन गर्न सकिने विशेषताका कारण पनि यो पदमार्ग परिचित बन्दै गएको छ।

मध्यमखालको उकालो-ओरालो हुँदै फैलिएको यस पदमार्गबाट चारपाटे, नुप्से, सगरमाथा, चाम्लाङ, मकालु, कञ्चनजङ्घा, कुम्भकर्ण लगायत दुई दर्जनभन्दा बढी हिमशृङ्खला अवलोकन गर्न सकिन्छ। किराँत राई समुदायको धार्मिक-सांस्कृतिक ग्रन्थ 'मुन्दुम'सँग जोडिएकाले यस पदमार्गको नामकरण सोही आधारमा गरिएको हो।

# अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी अभिमुखीकरण



□ **विमल दहाल**

**इलाम, फागुन ९।** शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको आयोजनामा कोशी प्रदेश स्तरीय अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम प्रभावकारी कार्यान्वयनका लागि अभिमुखीकरण सम्पन्न भएको छ।

शिक्षा तालिम केन्द्र इलाममा सञ्चालित तालिममा अनौपचारिक शिक्षा तथा आजीवन सिकाई सम्बन्धी नीति तथा कार्यक्रमहरू, अनौपचारिक शिक्षा सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५, नियमावली २०७७, राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन प्रक्रिया अन्तर्गत समकक्षता गतिशीलता र पारगम्यता लगायतका विषयमा सहभागीलाई अभिमुखीकरण गरिएको थियो।

अभिमुखीकरण कार्यक्रमलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरका निर्देशक माधवप्रसाद पोखरेल र अधिकृत सुमना घिमिरेले सहजीकरण गर्नु भएको थियो। जिल्ला शिक्षा तथा समन्वय इकाई इलामका प्रमुख रेविका अमात्यले स्वागत मन्तव्य राख्दै शुरु भएको कार्यक्रमलाई झापा जिल्ला इकाई प्रमुख कुमार बस्नेतले धन्यवाद ज्ञापन सहित मन्तव्य राखेका थिए।

कोशी प्रदेश भित्रका १४ जिल्लाका सामुदायिक सिकाई केन्द्रका अध्यक्ष तथा परिचालक, जिल्ला शिक्षा तथा समन्वय इकाईका प्रमुख तथा प्रतिनिधि, स्थानीय तह शिक्षा युवा तथा खेलकुद शाखा र सरोकारवाला निकायका प्रतिनिधिहरू सहित ३६ जनाको सहभागिता रहेको कार्यक्रमबाट राष्ट्रिय योग्यताको ढाँचा अन्तर्गत सञ्चालन हुने कार्यक्रमको कार्यान्वयन सम्बन्धी जिम्मेवारी स्पष्टता र क्षमता अभिवृद्धि गर्न कार्यशाला आयोजना गरिएको उल्लेख गरिएको थियो।

कार्यशालाले समुदायमा साक्षरता, सीप तथा आजीवन सिकाइ प्रणालीलाई प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# सिर्जना शिशु सदनको वार्षिकोत्सव



**अर्जुनधारा, फागुन ९।** अर्जुनधारा नगरपालिका-९ स्थित सिर्जना शिशु सदन अङग्रेजी माध्यमिक विद्यालयको ३४औं वार्षिकोत्सव शनिबार सम्पन्न भएको छ।

विद्यालयका संस्थापक एवम् प्रधानाध्यापक विशाल बुढाथोकीको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको प्रमुख अतिथि निजी तथा आवासीय विद्यालय संगठन(प्याब्सन) झापाका वरिष्ठ उपाध्यक्ष हरिकृष्ण पाठकले उद्घाटन गरेका थिए।

शिक्षक प्रमिला तामाङले विद्यालयको शैक्षिक प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रममा वार्षिक खेलकुद कार्यक्रम-२०८२ का विजेताहरुलाई पुरस्कार वितरण, विभिन्न विधामा १५ जना अभिभावकलाई सम्मान, गीत, नृत्य, रायम्स, नाटक मञ्चन, फेसन सो, कराते प्रदर्शन आदि प्रस्तुत गरिएको थियो।

कार्यक्रममा प्याब्सन झापाका सदस्यद्वय कुमार राया र शुमन शर्मा जम्मरकट्टेल, प्याब्सन अर्जुनधाराका प्रमुख सल्लाहकार रुद्र सिटौला, सल्लाहकार राजेशकुमार आचार्य, विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष देवीमाया श्रेष्ठ, विद्यालयकी संस्थापक शान्ता बुढाथोकी, अभिभावक समितिका सदस्यद्वय कञ्चन पोर्तेल र जीतबहादुर कुमाल लगायतको आतिथ्य रहेको थियो।

शिक्षक सपना शेर्पाले स्वागत गरेको कार्यक्रमको सञ्चालन सहायक प्रधानाध्यापक दीपेशकुमार पनेरुले गरेका थिए।


**विशेषज्ञ डाक्टरहरूको सेवा अब**
**कान्तिपुर मेडिसीन सेन्टर**
उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ

यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ। साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३-५३२८४५)

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।
*नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।*
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**UPVC झ्याल ढोका**
टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस्।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क :
बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

**UAE मा रोजगारीको अवसर**
United International Group
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस्।**
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला। साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४४५००३

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **खगोल ओभरसिजलाई** सम्झनुहोस्। यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**Ganapati Bakers**
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
**कालिका डेरी,**
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

अब बिर्तामोडमा
**डा. पितामबर ठाकुर**
MBBS, MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
- पेट सम्बन्धी समस्या
- मुटु सम्बन्धी समस्या
- राति निद्रा नलाग्ने
- छाती दुख्ने
- फोक्सो सम्बन्धी समस्या
- बाथ
- थाईराईड
- रक्तचाप
- मधुमेह

डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२
९८०१३६४०९३

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**DRISHTI** Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website
www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क :
९८१८७९३९८६, ९८५२६८८९८६


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/११/१०**

यस कम्पनीको मिति २०८२/१०/११ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिकको कम्पनी मिसन यु. एस. ए. एजुकेशन विर्तामोड प्रा.लि. (प्रा.लि. नं. ३६७९९३) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने, व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/११/०८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी देवर्षी एजुकेशन विर्तामोड प्रा.लि. कायम गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**पूर्वनेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
Purbanepal Bahu-uddeshyiya Sahakari Sanstha Ltd.

## कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रथमपटक प्रकाशित मिति २०८२/११/०९ )**

यस संस्थाबाट ऋणी सदस्यहरूले बिभिन्न ऋण शीर्षक अन्तर्गत उपभोग गर्दै आएको कर्जा बापत संस्थालाई समय समयमा बुझाउनुपर्ने साँवा, ब्याज तथा अन्य दैदस्तुर नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी शर्तहरूको उल्लंघन गरेको र पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरेकोले ऋणी, धनजमानी एवम् कर्जासँग सम्बन्धित सबैलाई कर्जा चुक्ता गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित मितिले ३५ (पैंतिस) दिनभित्र यस संस्थाको सम्बन्धित सेवा केन्द्रमा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज र अन्य दैदस्तुर चुक्ता गर्नु/गराउनु होला। अन्यथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी ऋणी, धनजमानीकर्ता लगायत कर्जासाग सम्बन्धित सबै पक्षलाई कालोसूचीमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरूप संस्थालाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम अशुल उपर गर्नेतर्फ आवश्यक कारबाही अघि बढाउने व्यहोरा सूचित गरिन्छ, साथै धितो सुरक्षणको लिलाम बिक्री हुन नसकि संस्थाले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट संस्थाको सम्पूर्ण बक्यौता असुल उपर नभएमा अशुल हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी, धनजमानीकर्ता साथै कर्जासाग सम्बन्धित व्यक्तिहरूको घर घरानाबाट असुली गर्न कानूनी प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत सूचित गरिन्छ।

**तपशिल**

| क्र.सं. | ऋणीको नामथर | ठेगाना | बाबुको नाम | बाजे/पति/पत्नीको नाम | व्यक्तिगत जमातनत/धनजमानी दिने व्यक्ति | कार्यालय | जग्गाधनीको नाम | साविक जग्गाको ठेगाना | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | रतन राई | दमक-१५, झापा | डम्बरबहादुर राई | रत्नबहादुर राई | डम्बरहादुर राई | दमक | रतन राई | तोपगाछी-६, झापा | ५५५१ | ०-६-१९-० |
| २. | ममता सिंह राजपुत | दमक-७, झापा | रामशीष सिंह राजपुत | कृष्णदेव सिंह राजपुत | - | दमक | ममता सिंह राजपुत | मधुमल्ला (दमक-९, झापा) | १३५३ | ०-०-११.२५-० |
| | | | | | | | | तोपगाछी-४, झापा | २३४ | ०-३-०-० |
| ३. | यन्जुक कार्की | कमल-४, झापा | योगराज कार्की | नरबहादुर कार्की | योगराज कार्की | दमक | योगराज कार्की | तोपगाछी-४, झापा | ६०८ | ०-५-१२-० |
| | | | | | कमल नेपाल | | | | ६०७ | ०-३-६-० |
| | | | | | राकेश थापा | | | | ३०३ | ०-६-३-० |
| | | | | | विप्लप थापा | | | | ६१० | ०-४-२-० |
| ४. | टिका बस्नेत | सराङडाँडा-५, पाँचथर | तिलबहादुर बस्ने[redacted] | डिल्लीप्रसाद बास्तोला | डिल्लीप्रसाद बास्तोला | दमक | टिका बस्नेत | तोपगाछी-५, झापा | ६७७१ | ०-०-१०-० |
| ५. | विक्रम कालाखेती | महारानीझोडा-८, झापा | भक्तबहादुर काला[redacted] | [redacted]रिबहादुर कालाखेती | - | दमक | विक्रम कालाखेती | दमक-७, झापा | २०६७ | ०-०-८.७५-० |
| ६ | प्रेरणा गजुरेल घिमिरे | बिर्तामोड-४, झापा | जगगनाथप्रसाद ग[redacted] | [redacted]न्तोष घिमिरे | सन्तोष घिमिरे | बिर्तामोड | प्रेरणा गजुरे घिमिरे | अनारमनी-४, झापा | ११७ | २०३.७१ व.मी. |
| ७ | तीर्थराज रेग्मी | दुगौली-२, कैलाली | झनकदत्त रेग्मी | [redacted]गाप्रसाद रेग्मी | जीवनकुमार रिजाल | बिर्तामोड | तीर्थराज रेग्मी | सुरुङ्गा-३, झापा | २२२५ | ४२३.२८ व.मी. |
| ८ | विष्णुप्रसाद रेग्मी | दमक-१९, झापा | [redacted]द मिश्र | [redacted]त्रिलोचन मिश्र | अनामिकादेव मिश्र | बिर्तामोड | अनामिका देव मिश्र | अनारमनी-३, झापा | ३२ | २५३.९५ व.मी. |

**सञ्चालक समिति**


**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार

निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईको सेवामा!
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)